# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।०७ गते

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

---

मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, हेटौडामा कार्यरत रजनी अग्रवालले I.Sc तहको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र खडा गरी MBBS अध्ययन गरेको, नेपाल मेडिकल काउन्सिलबाट मेडिकल काउन्सिल सदस्यता दर्ता नम्बर प्राप्त गरेको र सरकारी अस्पतालमा करार नियुक्ति लिएको भन्ने उजुरीको आधारमा अनुसन्धान तथा छानविन हुँदा मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय हेटौडामा मिति २०७२/०१/३० देखि २०७२ असार मसान्तसम्म कार्यरत रजनी अग्रवालले नेपाल सरकारको मेडिकल अधिकृत पदमा नियुक्ती एवं बहाल हुने र सो हैसियतले लाभ सुविधा लिने उद्देश्यले B.D. Evening College, Patna, भारतबाट सन् १९९९ मा I.Sc प्रथम श्रेणिमा उत्तिर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी लाभ सुविधा समेत लिई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज रजनी अग्रवाललाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(गणेशराज कार्की)
सहसचिव एवं प्रवक्ता